राष्ट्रिय साप्ताहिक

# जनजिब्रो

Janajibro National Weekly

सत्य समाचार, तथ्यमा आधारित विश्लेषण
सन्तुलित विचार, मर्यादित भाषाशैली
स्वस्थ मनोरञ्जन, शिष्टाचारयुक्त प्रस्तुति
खोजपूर्ण र ज्ञाबर्द्धक सामग्रीका लागि

newskoseli.com
सबैतिरबाट, सबैका लागि

वर्ष– २७, अङ्क– १२, असोज २२ गते शुक्रबार, २०७८ (08 October, 2021) | www.janajibro.com | मूल्य रू. १०।-

# बल्ल टुंगियो सत्ता भागबण्डा

## थपिने मन्त्री कुन दलबाट को-को ? के-कस्तो पृष्ठभूमिका ?

■ जनजिब्रो संवाददाता



**काठमाडौं ।** सत्तारुढ गठबन्धन आबद्ध चार दलबीच मन्त्रालय र शक्ति बाँडफाँटका विभिन्न पक्षमा वृहत् सहमति जुटेको छ। नेपाली कांग्रेस, माओवादी केन्द्र, एकीकृत समाजवादी र जनता समाजवादी पार्टीका शीर्ष नेताहरूको बिहीबार अबेरसम्म चलेको बैठकले मन्त्रालय भागबण्डासहित शक्ति बाँडफाँटको टुंगो लगाएको हो।

नेकपा (माओवादी केन्द्र) ले प्रधानमन्त्री शेरबहादुर देउवा नेतृत्वको सरकारमा सहभागी हुनका लागि पार्टीको बुधबार बसेको स्थायी कमिटी बैठकको निर्णयअनुसार थप चार जनाको नाम सिफारिस गरेको छ। यसअघि मन्त्री बनेकालाई नदोहोर्‍याउने मापदण्ड बनाएको बताउने माओवादी केन्द्रले शशि श्रेष्ठ, देवेन्द्र पौडेल, महेश्वर गहतराज र बोधमायाकुमारी यादवको नाम सिफारिस गरेको हो।

यतिबेला माओवादी केन्द्रले मानेको भनेको सो मापदण्ड अघिल्लो पटक छनोटमा परेका पम्फा भुसाल र जनार्दन शर्माका हकमा भने लागू भएको देखिँदैन। बाँकेका सांसद गहतराज, बाग्लुङका सांसद पौडेल काठमाडौंकी समानुपातिक सांसद श्रेष्ठ र धनुषाकी सांसद यादवलाई यस पटक मन्त्री बन्ने अवसर मिलेको छ।

पछिल्लो सहमतिअनुसार आज शुक्रबार देउवा सरकारले पूर्णता पाउने भएको छ। शुक्रबारै मन्त्रिपरिषद् विस्तार र मन्त्रीहरूको सपथ हुने जानकारी सत्तारुढ गठबन्धनका नेताहरूले दिएका छन्। चार दलका शीर्ष नेताहरूले मंगलबारै मन्त्रालयको संख्यात्मक भागबण्डा टुंग्याका थिए। कांग्रेसले ८ मन्त्री र एक राज्यमन्त्री, माओवादी केन्द्रले ५ मन्त्री र एक राज्यमन्त्री, एकीकृत समाजवादीले ४ मन्त्री र एक राज्यमन्त्री तथा जसपाले चार मन्त्री लिने सहमति मंगलबार सार्वजनिक भएको थियो।

क्रमशः अन्तिम पृष्ठमा

# देउवा-पौडेल कडा टक्कर : कसले कति जिते ?



**काठमाडौं।** लामै समयको कचिङ्गल र लफडाबीच सम्पन्न सत्ताधारी नेपाली काँग्रेसको विभिन्न जिल्लाका पालिका र नगर अधिवेशनमा सभापति देउवा र वरिष्ठ नेता पौडेल पक्षको कडा टक्कर देखिएको छ। मंगलबार साँझसम्मका परिणाम पाँचसय सात पालिकामध्ये २ सय ३८ वटामा सभापति शेरबहादुर देउवा पक्षीय नेताहरू दुई सय ४९ नेताहरू नेता रामचन्द्र पौडेल, सशांक कोइराला, प्रकाशमान सिंहलगायत पक्षका पालिका सभापतिमा निर्वाचित भएका छन्।


नेता कृष्णप्रसाद सिटौला पक्षका १६ जना, विजय गच्छदार पक्षका २ जना र विमलेन्द्र निधि पक्षका २ जना एवं कुनै पक्षमा नखुलेका ४९ जना निर्वाचित भएका छन्।

सम्पन्न पालिका अधिवेशनमा प्राप्त सोही परिणामले बागमती, कर्णाली र सुदूरपश्चिममा देउवा पक्ष र प्रदेश एकसहित लुम्बिनी र गण्डकीमा पौडेल पक्ष अगाडि देखिएको छ।

सबै प्रदेशका पालिकामा आफूहरूले बहुमत हासिल

क्रमशः दोस्रो पृष्ठमा

# हाम्रो 'जनवाद' र अभ्यास



समय-सन्देश

नारायण शर्मा

'छलफल-अभिव्यक्तिमा स्वतन्त्रता काम-कारबाहीमा एकरूपता' हाम्रो अर्थात कम्युनिस्टको आधारभूत मान्यता हो ! अझ विशेषगरी लेनिनवादी संगठनात्मक सिद्धान्त जनवादी केन्द्रीयताको मूल मर्म हो यो। यसको धेरै व्यापक र गहिरो अनि दीर्घकालीन र बहुआयामिक अर्थ र महत्व छ।

जनवाद अर्थात् डिमोक्रेसी आधुनिक पुँजीवादी वा समाजवादी लोकतान्त्रिक पार्टी, राज्य वा समाजको ज्यान हो, प्राण हो। कुनै पनि व्यक्ति-शक्ति, संघसंस्था, पार्टीसंगठन, मन्चमोर्चा वा समाजसमुदाय अथवा राज्यव्यवस्थाको सञ्चालन परिचालन हुन गर्नको निम्ति यो एक अनिवार्य र अपरिहार्य सिद्धान्त हो। अर्बाचीन युगका स्वतन्त्रता, समानता, न्याय, मानवता, विश्वबन्धुता र भातृत्व अथवा क्रान्ति, मुक्ति, प्रगति र समीद्ध अर्थात प्राचीन युगका 'सत्यम् शिवम् सुन्दरम्'सँग सम्बन्धित यावत अधिकार र कर्तव्यहरू यसमै अन्तरर्निहित वा यससँग सम्बन्धित छन्। यसलाई उपयोग गर्दा सामयिक अवस्था र व्यवस्थाको आवश्यकता र औचित्यको मर्म र महत्व हेरी आन्तरिक वा बाह्य, गोप्य वा खुला, सीमित वा व्यापक, व्यक्तिगत वा सामूहिक अनि संस्थागत वा सार्वजनिक रूपमा उपयोग र उपभोग गर्न सकिन्छ !

अहिले सत्तासीन नेकपाले गरेको यससँग सम्बन्धित पछिल्लो निर्णय यस प्रसङ्गमा विशेष रूपले आकर्षित हुन्छ। त्यसैले यो विषय यतिबेलाको चासो, चिन्ता, चर्चा र चिरफारको विषय त भएको छ नै, सँगसँगै यही विषयले चाकरी, चापलुसी, चुक्लि, चटनीजस्ता चम्चागिरीलाई बढावा नदेओस् भन्ने चाहना गर्दै चेतनशील तह र तप्का तरङ्गित हुँदै आएकोले

क्रमशः दोस्रो पृष्ठमा

> विजय प्राप्त गर्ने र सत्ता हातमा लिने कुरा तिनीहरूका लागि मात्र सम्भव छ, जो जनतालाई विश्वास गर्दछन् र उनीहरूकै सिर्जनात्मक क्षमतामा भर परेर फड्को मार्न तयार हुन्छन्। -लेनिन

जनजिब्रो साप्ताहिक
वर्ष- २७, अङ्क- १२, असोज २२ गते शुक्रबार, २०७८

## सम्पादकीय

# सरकारको पूर्णता र राष्ट्रिय अपेक्षा

एमाले अध्यक्ष खड्गप्रसाद ओली सत्ताच्युत भएपछि बनेको कांग्रेस सभापति शेरबहादुर देउवा नेतृत्वको सरकारले झण्डै तीन महिनापछि मात्र पूर्णता प्राप्त गर्ने स्थिति बनेको छ। पाँच वर्षका निम्ति जनमत पाएको ओली सरकार अनेकौं उपद्रो, उटपट्याङ र लज्जास्पद हर्कतहरूका कारण तीन वर्ष आसपासमै अपदस्थ भएपछि बनेको देउवा सरकारप्रति जनअपेक्षा र राष्ट्रिय अपेक्षा उति धेरै छैनन्।

तर, जुन परिवेश, परिस्थिति र आवश्यकताले देउवा सरकार गठन भएको हो, ती न्यूनतम जिम्मेवारी यो सरकारले पूरा गर्न सक्ने वा नसक्ने कुराले वर्तमान राजनीतिक प्रणाली र संविधानलाई संस्थागत गर्ने कुरा धेरै हदसम्म निर्धारित हुने अवस्था छ। मुलुकलाई संविधानले परिकल्पना गरेको 'समाजवादोन्मुख' बाटोतर्फ अगाडि बढाउने कुरा त परै छाडौं, उल्टै प्रतिगमनतर्फ धकेल्ने र वर्तमान संविधानका आधारभूत उपलब्धिहरूलाई नै ध्वस्त पार्ने दिशातर्फ लागेको ओली सरकारको पतन अपरिहार्य भए तापनि व्यक्तिगत हिसाबले देउवालाई कसैले पनि 'अग्रगमनकारी' वा 'प्रगतिशील' मान्दैन र उनी त्यस्ता होइनन् पनि।

यद्यपि देउवा र उनी नेतृत्वको वर्तमान सरकारका सामु कमसेकम पनि आफू ओली र उनी नेतृत्वको सरकारभन्दा सकारात्मक, सबल र 'असल' भएको प्रमाणित गर्ने चुनौती छ। मन्त्रिपरिषद्ले पूर्णता पाएपछि त्यो बाटोमा अघि बढ्न अब खासै अवरोध छैनन्। त्यसतर्फ सफलता मिलोस्, देउवा सरकारलाई शुभकामना !

## हाम्रो 'जनवाद' र...

यो विषय बढी गम्भीर र संवेदनशील समेत बन्न आएको छ !

पार्टीको यही भाद्र ९ गते अध्यक्ष क. प्रचण्डको अध्यक्षतामा बसेको प्रथम ऐतिहासिक बैठकले यस्तो ऐतिहासिक निर्णय गरेको कुरा उसैदिन जारी पार्टी सर्कुलरको अन्तिम बुँदामा उल्लेख गर्दै भनिएको छ- 'पार्टीका सबै तहका नेता, कार्यकर्ता तथा सदस्यहरूलाई पार्टीको नीति एवं नेतृत्वका सम्बन्धमा असहमति, आलोचना वा विरोध भएमा पार्टी विधानको व्यवस्था बमोजिम प्रस्तुत हुन र अन्तरपार्टी जनवादको भरपुर उपभोग गर्न निर्देशित गरेको छ। पार्टीको नीति एवं नेतृत्वका सम्बन्धमा सार्वजनिक रूपमा विरोध वा आलोचना नगर्न निर्देशित गरेको छ। पार्टीको नीति वा नेतृत्वका विरुद्धमा लेख्ने, बोल्ने वा गतिविधि गर्नेहरूप्रति पार्टी विधान बमोजिम स्पष्टिकरण सोधिने र कारबाहीको प्रकृया अघि बढाइने पनि निर्णय गरेको छ।'

प्रस्तुत निर्णय र निर्देशनलाई पार्टीको नेतृत्वमा बनेको संसदीय प्रधानमन्त्रीय प्रणालीको शक्तिशाली सरकार र उसले व्यापक विरोधका बीच ल्याउँदै गरेका मिडिया काउन्सिल विधेयक, सेना परिचालन विधेयक, राष्ट्रिय मानव अधिकार आयोग विधेयक अनि राष्ट्रिय अनुसन्धान विभाग र ठूला आयोजना निर्माणजस्ता जिम्मेवारीहरू प्रधानमन्त्री मातहतमा ल्याउने तथा चर्चित रवि लामिछानेलाई सरकारवादी मुद्दा रहस्यमय तरिकाले हतार, हठात र बलात रूपमा लगाउने आदि सरकारी गतिविधिका सन्दर्भमा हेर्नुपर्ने हुन्छ! यो स्थितिमा जनवादको विषय धेरै नै गम्भीर महत्वको प्रतीत हुन्छ भने राज्य वा पार्टीका उपरोक्त गतिविधिहरू रहस्यमय र संवेदनशील लाग्दछन् !

आज पार्टी र आन्दोलनमा मात्र होइन, समाज र राज्यमा समेत अराजकता, उच्छृङ्खलता, अनुशासनविहीनता र गैरजिम्मेवारी बढेको छ र यसलाई नियमन, नियन्त्रण र व्यवस्थापन पनि गर्नै पर्ने छ! त्यसैले उपरोक्त स्थिति र सन्दर्भमा उक्त निर्णयलाई हेर्नु, केर्नु र टेर्नु व फेर्नु पर्ने हुन्छ।

कुनै पनि विधानमा कुनै व्यवस्था छ भन त्यो कति सान्दर्भिक, आवश्यक र औचित्यपूर्ण छ र त्यो कुरा लागू गर्दा समग्र विधानको मर्म अनुकूल छ कसरी हुन्छ भनेर लागू गर्नु वा नगर्नु पर्ने हुन्छ तर यो स्पस्टिकरण र कारबाहीको कुरा विधानमा त छ तर त्यो व्यवस्था पनि पार्टीका सबै तहका कमिटी र सदस्यहरूका बिचमा मात्र होइन, एक किसिमले नीति निर्णयको कुनै पनि आधिकारिक तहमा कुनै जानकारी, प्रस्तुत, छलफल, निर्णय र अनुमोदन समेत नभैकन गरिएकाले त्यसको आधिकारिकता, वैधानिकता, प्रभावकारिता, सशक्तता र मान्यता के-कति होला ? विचारणीय छ। फेरि कारबाही किनै सहज वैज्ञानिक र व्यावहारिक हल होइन न त यो रूपान्तरणको उपयुक्त तरिका नै हो! त्यस सम्बन्धमा माओको' रोगलाई सिद्धाउने तर रोगीलाई बचाउने नीति विषेश रूपले आकर्षित हुन्छ। साथै, पार्टीका विचार, नीति, नेतृत्व र जिम्मेवारीका बारेमा अभिमत, सुझाव आदि केही नलिएर तय गरिएको, त्यसमा पनि अलग-अलग दुई विचार, सिद्धान्त, दुई चिन्तन-प्रवीत्त, दुई शैली, संस्कार र दुई छुट्टाछुट्टै स्कुलिङबाट आएका पार्टी, नेता-कार्यकर्ता र सदस्यहरूका बिचमा विचार, राजनीति र विधि-पद्दतिका बारेमा कुनै पनि बहसविना हतारमा हुन गइरहेको संगठनात्मक एकताका सन्दर्भमा यसप्रकारको 'स्पस्टिकरण र कारबाही' को निर्णय र निर्देशनको औचित्य र उपादेयता अथवा परिणाम र प्रभाव के-कस्तो होला ? कतै प्रत्युत्पादक त हुने होइन ? सतर्क हुनु जरुरी छ।

यसरी नै अझ गौरवका साथ यो पनि भनिएको छ, 'अन्तरपार्टी जनवादको भरपूर उपभोग गर्न' र 'पार्टीको नीति एवं नेतृत्वका सम्बन्धमा सार्वजनिक रूपमा विरोध वा आलोचना नगर्न' अनि यस्तो गरिहालेमा 'पार्टीको नीति वा नेतृत्वका विरुद्धमा लेख्ने, बोल्ने वा गतिविधिहरू गर्नेहरूप्रति पार्टी विधान बमोजिम स्पष्टीकरण सोधिने र कारबाहीको प्रक्रिया अघि बढाइने' भन्ने चेतावनीपूर्ण आदेस मूलतः संसदीय प्रजातान्त्रिक प्रणालीमा लामो समयदेखि अभ्यासरत रहेको र धेरै पटक सरकारको नेतृत्व समेत गरेको पार्टीमा कति उपयुक्त र स्वाभाविक होला ? एकदमै सोचनीय छ !

यहाँनेर जनवादको कुरा गर्दा केन्द्रीयता वा अनुशासन बिर्सने अथवा केन्द्रीयताको कुरा गर्दा जनवाद वा स्वतन्त्रता बिर्सने अर्थात् अधिकारको उपभोग गर्दा कर्तव्य भुल्ने वा कर्तव्य गर्दा अधिकार बेवास्ता गर्ने चिन्तन प्रवीत्तले पुराउने खतरा वा हानीका बारेमा पनि सतर्क हुन भुल्नै हुँदैन। साथै जनवादको जगमा न उभिएको केन्द्रीयताको र केन्द्रीयताको उद्देश्य, निर्देशन, नियन्त्रण र अनुगमनविनाको जनवादको भयावह परिणाम हुने कुराको समेत हेक्का राख्नु जरुरी छ। ठिक यसै सन्दर्भमा जनवादको जगमा नबनेको अहिलेको हाम्रो नेकपाको नीति, नेतृत्व र तिनका गतिविधिहरूको वैज्ञानिकता, क्रान्तिकारीता र सार्थकता पनि के कति छ भन्ने कुरा सिद्धान्त र व्यवहार दुवैको कसीमा राखेर हामी सबैले अवलोकन र मूल्यांकन गर्नु अनिवार्य छ।

आज पार्टी र सरकारका कतिपय शक्तिशाली नेताहरूका अहंकारपूर्ण अभिव्यक्ति, हचुवा हस्तक्षेप र गलत गतिविधि अनि तुलनात्मक रूपले बढी इमान्दार, अनुशासित र स्वच्छ नेता, कार्यकर्ताहरूले सत्तासीनहरूका काम कुराका प्रत्युत्पादक परिणामहरूको पीडा पचाउनु पर्ने पार्टी पङ्क्तिको वर्तमानको बाध्यताका बिचमा नीति, नेतृत्व र गतिविधिबारे असहमति, आलोचना र विरोधजन्य अभिव्यक्तिलाई पनि निषेध वा नियन्त्रण गरिँदा के त्यहाँ प्रतिरोध, विष्फोट र विद्रोह नहोला भन्ने ग्यारेन्टी गर्न सकिन्छ र ?

हो, आज नेतृत्वको दमनकारी, दम्भी र दकियानुसी चिन्तन र काम कारबाहीबाट कैयौं नेता, कार्यकर्ताहरूमा दीनहीन, दलाल र दास चिन्तन र प्रवीत्त हुर्किरहेको यो समयमा सबैजसो चुप लागेर बसेमा तत्काल केही समयसम्म त नेतृत्वलाई आत्मारती होला तर दीर्घकालसम्म यस्को नतिजा निश्चय नै निकै नकारात्मक निस्कनेलाई नकार्न नसकौंला नि !

अझ एउटा एकदमै महत्वको कुरा यो छ कि कसैले अधिकार छ भन्दैमा एकल सोँच र सनकको भरमा भयंकर सार्वजनिक महत्वको निर्णय गरिदिन हुने र त्यो निर्णयबाट देश र जनता अनि पार्टी र क्रान्ति प्रत्यक्ष पीडित हुँदा पनि त्यसको विरोध गर्न नहुने भनी बुद्धिमा बिर्को, विवेकमा बाँध र मुखमा चुकुल अनि हातमा दही जमाएर चुप लागेर उक्त सर्कुलरमा भनिए झैं आफ्ना असहमति, आलोचना वा विरोधजन्य विचारहरूलाई बन्दै नबनेका र बनेका भनिएका कमिटीहरू र तिनका बस्दै नबसेका बैठकहरूमा पार्टी विधान बमोजिम प्रस्तुत गर्न कसरी सकिन्छ ? झन्, यसकुरालाई 'अन्तरपार्टी जनवादको भरपूर उपभोग गर्न' भनी दिइएको यो निर्देशन के हास्यास्पद न होला र ?

हाम्रोजस्तो कम्युनिस्ट अर्थात साम्यवादी पार्टी, जसको तात्कालिक लक्ष समाजवादमा जाने रहेको छ ! यहाँसम्म कि अन्य पुँजीवादी पार्टीहरूले पनि समाजवादलाई आफ्नो गन्तव्य बताएर राज्यको संविधानलाई सहमतिमै समाजवाद उन्मुख संघीय समावेसी लोकतान्त्रिक गणतन्त्रात्मक राज्य स्वीकार गरेको हाम्रो सन्दर्भमा पार्टीभित्र, राज्यभित्र र नेतृत्वको चिन्तन र चरित्र वा संस्कार र संस्कीर्तभित्र जनवाद अथवा लोकतन्त्रको के-कस्तो अभ्यास भैरहेको छ भन्ने कुरा कि त सत्ता र पार्टीका सञ्चालक नेतृत्वहरूलाई आत्माबोध होला कि भने राज्य र पार्टीका हातारका हठी र हचुवा नीति, निर्णय र निर्देशन अनि विधी, विधान र व्यवस्थापनबाट आजित र भुक्तभोगी नेता, कार्यकर्ता र जनतालाई नै थाहा छ ! यो अवस्थामा हामीलाई 'सिस्नाले चिल्यो मनमनै भनेभैं वा किन चाहुरिएको मरीच ? आफ्नै रागले' भनेभैं अथवा कौन पुछेगा खेसरी के दाल ?' मा अन्तर्निहीत पीडाको स्थितिको महसुस भैरहेको छ।

जे होसु, सत्य के हो भने कसैको कुनै विमती, असहमति, आलोचना र विरोधलाई रोक्ने एउटा सरल उपाय भनेको सरोकारवाला र सम्बन्धित सबैजसो व्यक्ति, विज्ञ र विधिबाट छलफल, सरसल्लाह, सोधपुछ र अध्ययन-अनुसन्धानको तरिका अवलम्बन गर्नु हो ! यस्तै अर्को उपाय भनेको सत्य, न्याय, समानता, स्वच्छता र पारदर्शिता अवलम्बन गर्नु हो ! तेस्रो उपाय, देश र जनताको हक र हितलाई ध्यानमा राखेर साहसपूर्वक अघि बढ्नु हो भने चौथो उपाय शोषित, पीडित र उपेक्षितहरूको क्रान्ति, मुक्ति, प्रगति र संमीद्धको पक्षलाई ध्यान दिएर काम गर्नु हो।

यस्ता उपायहरू अवलम्बनको अभ्यासद्वारा हाम्रो जनवादलाई रक्षा, प्रयोग र विकास एवम विस्तार गर्न सकौंला कि ? अन्यथा आफू तल, सडकमा, कमजोर र मारखानेमा हुँदा जनवादको नारा चर्काउने तर आफू माथि, सत्तामा, सबल र मार हान्नेमा हुँदा केन्द्रीयता वा अनुशासनको डण्डा चलाउने गरेर मनवाद र धनवादको विकास ता होला, जनवाद र समाजवाद-साम्यवादको विकास भन्ने कुरा त 'कुरा गऱ्यो कुरैको दुःख' हुनेछ र इमानदारहरूलाई ठग्ने भ्रमजाल मात्रै हुनेछ।

## देउवा-पौडेल...

गरेको संस्थापन पक्षको दाबी गरिरहँदा प्रदेश १ मा १ सय ३६ पालिकामा सम्पन्न पौडेल-कोइराला पक्षले ६३ जना पालिका सभापति जित्दा निर्वाचनमा देउवा पक्षले ६० सभापति र सिटौला पक्षले १३ सभापति जितेको छ।

यस्तै बागमती प्रदेशमा सम्पन्न ९९ पालिका अधिवेशनमा देउवा पक्षले ५३ स्थानमा सभापति तथा कोइराला र पौडेल पक्षले ४० स्थानमा सभापति जितेको भने कतै-कतै कुनै गुटमा नखुलेकाले पनि जितेका छन्। उता पौडेलको गृह प्रदेश गण्डकीमा सम्पन्न ८५ पालिकामध्ये देउवा पक्षले ३९ स्थानमा र पौडेल-कोइराला पक्षका ४६ जना पालिकाको सभापतिमा निर्वाचित भएका छन्।

यस्तै लुम्बिनी प्रदेशमा सम्पन्न ८८ पालिका अधिवेशनमा देउवा पक्ष ३५ स्थानमा सभापति तथा पौडेल र कोइराला पक्षका ४८ जनाले सभापति विजय भएका छन् भने कतै नखुलेका पनि पालिका सभापतिमा विजय भएका छन्।

उता कर्णालीमा सम्पन्न भएका ६२ पालिका अधिवेशनमध्ये देउवा पक्षले ३६ स्थान र कोइराला र पौडेल पक्षले २६ स्थानमा पालिका सभापतिमा जितेको छ। कर्णालीमा पनि कतिपय निर्वाचित सभापतिहरू कुन पक्षमा हो भन्ने प्रष्ट खुलेका छैनन्।

सुदूरपश्चिम प्रदेश पनि मंगलबारको परिणामअनुसार अधिवेशन सम्पन्न भएका ७७ पालिकामा देउवा पक्षले ५५ स्थान एवं कोइराला र पौडेल पक्षले २७ स्थानमा सभापति जितेको छ। सुदूरपश्चिमका कतिपय पालिका अधिवेशन अझै हुन बाँकी नै छ भने प्रदेश दुईमा विवादका कारण भने अधिवेशन हुनै सकेको छैन।

# चर्को भाडा असुल्न खोज्ने नौ बिचौलिया पक्राउ

**काठमाडौं ।** चाडपर्वको मौका छोपेर राजधानीबाट बाहिरिने यात्रुसँग तोकिएको भन्दा बढी भाडा असुल्न खोज्ने नौ जना बिचौलिया ट्राफिक प्रहरीको फन्दामा परेका छन्।

महानगरीय ट्राफिक प्रहरी महाशाखाले चाडपर्वमा हुने ठगीलाई ध्यानमा राख्दै परिचालन गरेको टोलीले उपत्यकाको विभिन्न क्षेत्रमा गरेको जाँच अनुसन्धानका क्रममा ती बिचौलीयालाई पक्राउ गरेको हो। ट्राफिक प्रहरी महाशाखाले उपत्यकाको १४ स्थानमा यात्रु सहायता कक्ष स्थापना गरी यात्रुलाई परेका समस्या समाधान गर्दै आएको छ।

कोरोना महामारीका कारण गएको वर्ष चाडपर्वमा घर जान नपाएका कारण पनि यस वर्ष उपत्यकाबाट बाहिरिने यात्रुको चाप अत्यधिक हुने अनुमान गर्दै महाशाखाले निगरानी थालेको हो। यात्रुको चाप र भिडभाडको मौका छोपी यात्रुलाई ठगी गर्ने, बढी भाडा लिने, दोहोरो टिकट काट्ने समूहलाई नियन्त्रण गर्न, सहज र सुरक्षित यात्राको व्यवस्था गर्न ट्राफिक प्रहरीले विशेष निगरानी एव अनुगमन गर्न परिचालन गरेको टोलीले उनीहरूलाई पक्राउ गरेका थिए।


महाशाखाका प्रमुख वरिष्ठ उपरीक्षक जनक भट्टराईका अनुसार ट्राफिक प्रहरीको सादा पोशाकमा खटिएको टोलीले उपत्यका बाहिरिने यात्रुसँग बढी भाडा लिइ टिकट काट्ने व्यक्तिलाई निगरानी गर्ने, आफैं यात्रु बनेर भाडा मोलमोलाई गर्ने, यात्रुसँग गोप्य रूपमा बुझ्ने, सोधपुछ गर्ने र बढी भाडा लिने व्यक्तिलाई नियन्त्रणमा लिइ आवश्यक कारवाही गर्ने गरिएको हो।

निर्धारित टिकट काउन्टरमा परिचयपत्र बाहकले मात्र टिकट काट्ने व्यवस्था भए पनि अनधिकृत व्यक्तिले बिचौलिया बनेर यात्रुसँग मोलमोलाइ गरी तोकिएकोभन्दा बढी भाडा लिँदै गरेका अवस्थामा उनीहरूलाई पक्राउ गरेको एसएसपी भट्टराईले जानकारी दिए। यसरी यात्रु ठग्ने चितवनको भरतपुर घर भएका ३८ वर्षीय समीर श्रेष्ठ, धनकुटाका ३० वर्षीय किरण लिम्बू र सुनसरीका २८ वर्षका सविन राईलाई ट्राफिक प्रहरीले बताएको छ। यस्तै टिकट काउन्टरको कर्मचारी हुँ भन्दै भाडा बार्गेनिङ गर्ने ४६ वर्षीय राज ठकुरी, दाङ घोराहीका २९ वर्षीय विशाल गुरुङ र कैलालीका रमेश कठायतलाई काठमाडौंको गोङ्गबुबाट पक्राउ परेको प्रहरीले जनाएको छ।

मौका छोपेर यात्रुलाई ठग्ने कार्यमा संलग्न उनीहरूलाई आवश्यक कारबाहीका लागि प्रहरी प्रभाग नयाँ बसपार्कमा बुझाइएको महाशाखाले बताएको छ।

यसरी नै यात्रु ठग्ने काठमाडौंको कलङ्कीबाट नवीन केसी, बल्खुबाट शुभयात्री काउण्टरमा काम गर्ने निजगढका अरुण मगर र जाजरकोट घर भई कीर्तिपुर बस्ने नारायणी काउन्टरका विनोद रानालाई पक्राउ गरी कारबाहीका लागि प्रहरी वृत्त कालीमाटीमा बुझाइएको पनि ट्राफिक प्रहरीले जनाकारी दिएको छ।

# क्रान्तिकारी माओवादीका निर्णयहरूबारे– १



विचार/दृष्टिकोण

डा. ऋषिराज बराल

यो खुला सामग्रीको खुला प्रतिक्रिया हो। नेकपा (क्रान्तिकारी माओवादी) को केन्द्रीय समितको पछिल्लो बैठकका निर्णयप्रतिको प्रतिक्रिया भए पनि यसमा उठाइएका प्रश्नहरूको सम्बन्ध वर्तमान कम्युनिस्ट आन्दोलनको गति र दिशासित सम्बद्ध छ र यिनले थप विचार विमर्शको माग गर्दछन् भन्ने मेरो बुझाइ छ।

नेपालको कम्युनिस्ट आन्दोलन, त्यसमा पनि माओवादी आन्दोलनमा आएको टुटफूट र विभाजनलाई लिएर नयाँ किसिमले विचार विमर्श, समीक्षा र संश्लेषण गर्नु आवश्यक छ र एक हिसाबले भइरहेको पनि छ। दसबर्से जनयुद्धको समयमा विश्वका क्रान्तिकारीहरूको ध्यानाकर्षणको केन्द्र बनेको र साम्राज्यवादी शक्तिहरू र तिनका दलाल घरेलु प्रतिक्रियावादी शक्तिहरूका विरुद्ध चुनौतीका साथ रणनीतिक आक्रमणको स्थितिमा पुगेको नेपालको माओवादी आन्दोलन किन यसरी लथालिङ्ग र भताभुङ्गको स्थितिमा पुग्यो भनेर गम्भीर विचार विमर्शको आवश्यकता छ। हिजोको अनुभव र शिक्षा र वर्तमान परिस्थितिको यथार्थपरक र वैज्ञानिक स्थिति विश्लेषणपछि नै नयाँ दिशाबोधको स्थिति आउन सक्छ। आवश्यकता सही समीक्षा र संश्लेषणको छ। अहिलेलाई चाहिँ नेपाल कम्युनिस्ट पार्टी (क्रान्तिकारी माओवादी) को केन्द्रीय समितिले गरेको पछिल्ला निर्णयहरूका सम्बन्धमा सङ्क्षिप्त टिप्पणी गर्ने प्रयास गरिएको छ। सो पार्टीले बहसलाई नयाँ किसिमले अघि बढाउने प्रयास गरेका कारण पनि यसबारे विचारविमर्श आवश्यक छ भन्ने लागेको छ।

नेपाल कम्युनिस्ट पार्टी (क्रान्तिकारी माओवादी) केन्द्रीय समितिको 'राजनीतिक प्रतिवेदन' को आरम्भ 'वर्तमान राजनीतिक परिस्थिति' बाट भएको छ र उप-बुँदासहित १३ वटा बुँदा र अन्य शीर्षकमा समग्र व्याख्या गरिएको छ।

१३ वटा बुँदामा गरिएको विश्लेषण आधारभूत रूपमा सही छ तापनि केही सन्दर्भहरू खास गरेर अन्तर्राष्ट्रिय पक्षमा टिप्पणी गर्नुपर्ने सन्दर्भहरू छन्। भारत र अमेरिकाका सम्बन्धमा गरिएको अहिलेको विश्लेषण आधारभूत रूपमा सही छ। हिजोको जस्तो एकल साम्राज्यवादी हैकमको स्थितिमा नभए पनि र साम्राज्यवादी क्याम्प बहुध्रुवीय भए पनि अझै पनि अमेरिकी साम्राज्यवाद नै विश्वका उत्पीडित जनताको प्रधान दुश्मन हो र अहिले पनि उसकै प्रभुत्व छ। जहाँसम्म चीनको कुरा छ, भारतीय विस्तारवादी शासक वर्ग र सत्ताको नेपालप्रतिको व्यवहारले गर्दा नेपाली जनता र वाम पार्टीहरूले चीनप्रति नरम भाव राख्ने गरेको पाइन्छ। यो माओकालीन विरासतको प्रभाव पनि हो।

चीनको नेपालसितको स्वार्थ भनेको तिब्बत र सिमानामा भारतीय प्रभाव र अमेरिकी पहुँचलाई रोक्नु मात्र हो। लिम्पियाधुरा सहितका सन्दर्भमा चिनियाँ शासक वर्गले आफ्नो विस्तारवादी चरित्र देखाइसकेको छ। चीन नेपालमा स्थिरताको कुरा गर्छ, यसमा नेपालको हितप्रतिको उसको चिन्ताभन्दा आफ्नै स्वार्थको भूमिका प्रधान छ। आर्थिक मामिलाको कुरा गर्दा पनि भारत, अमेरिका, पछिल्लो समयमा अफ्रिका चिनियाँ सत्ताको ठूलो व्यापार-बजार हो।

अवश्य पनि भारतीय विस्तारवाद तथा अमेरिकी साम्राज्यवादकै तहमा चीनको नेपालप्रतिको थिचोमिचोको व्यवहार छैन र उसलाई समान तहमा राख्नु सही हुँदैन। तर, प्रतिक्रान्तिपछिको चीन विश्वका उत्पीडित वर्ग र समुदायको पक्षमा रहेन, छैन र अहिले उसको प्रतिस्पर्धा सैन्य, आणविक, आर्थिक र व्यापार हरेक दृष्टिले अमेरिकी साम्राज्यवादसित छ। भूमण्डलीकरणमा जोड दिँदै विश्वव्यापी रूपमा आफ्नो प्रभाव र प्रभुत्वको विस्तार गरिरहेको छ। चीनमा भएको प्रतिक्रान्ति, क्रान्तिकारीहरूको हत्या, सैन्य प्रतिस्पर्धा र प्रभुत्वको विस्तारका आधार र समग्र गतिविधिहरूको विश्लेषण गरेर विश्वका माओवादी क्रान्तिकारीहरूले चीनलाई सामाजिक साम्राज्यवादी शक्तिका रूपमा विश्लेषण गरेका छन्। यथार्थमा आधारित यो पक्षलाई हामीले खुलेर अगाडि ल्याउनु पर्छ।

कुन प्रधान शत्रु र कुन गौण भन्ने कुराको अर्थ छ। नेपालको सार्वभौम सत्ता र नव-उपनिवेशी प्रवृत्तिका दृष्टिले भारतीय विस्तारवाद सबैभन्दा खतरनाक शक्ति हो भन्ने कुरामा विवाद छैन। तर सैद्धान्तिक तहमा चीनका बारेमा हामी प्रस्ट र खुलस्त हुनुपर्छ। नेकपा (क्रान्तिकारी माओवादी) यसबारेमा अनभिज्ञ छ भन्ने कुरा छैन र २०३८/०३९ देखि नै नेपालका क्रान्तिकारीहरूले यसबारे आफ्नो धारणा प्रस्ट पार्दै आएका हुन्।

प्रस्ट कुरा के हो भने चीनको सन्दर्भमा नेकपा (क्रान्तिकारी माओवादी) बढी उदारवादी देखिन्छ र जहिले पनि कि त मौन, कि त सन्ध्या भाषामार्फत आफ्नो धारणा बाहिर ल्याउँछ। मार्क्सवादी क्रान्तिकारीहरू वैचारिक तहमा प्रस्ट हुनै पर्छ। चीनका सन्दर्भमा नेकपा (क्रान्तिकारी माओवादी) को प्रस्तुती उदारवादी प्रवृत्तिको हुन्छ। वर्तमान चिनियाँ शासक वर्गको आलोचना गर्नु भनेको भारतीय विस्तारवाद र अमेरिकी साम्राज्यवादको पक्ष लिनु होइन, मार्क्सवादको निर्वाह गर्नु हो। साम्राज्यवादका सन्दर्भमा चारवटा पक्षमा प्रस्ट हुनु आवश्यक छ;

१) साम्राज्यवादको चरित्रका सन्दर्भमा आधारभूत रूपमा अहिले पनि लेनिनका धारणाहरू सही छन्, २) अहिले पनि अमेरिकी साम्राज्यवाद नै प्रमुख साम्राज्यवादी शक्ति हो, र विश्वका सर्वहाराको प्रमुख दुश्मन हो, ३) नयाँ-पुराना साम्राज्यवादी शक्तिहरूबीच विश्वबजार र सामरिक पक्षलाई कसको प्रभुत्वमा राख्ने भन्ने कुरामा प्रतिस्पर्धा चलिरहेको छ र अहिलेको सन्दर्भमा चीनले सामाजिक साम्राज्यवादी चरित्रको प्रतिनिधित्व गरिरहेको छ र ५) अहिले विश्वमा कतै पनि र कुनै पनि समाजवादी मुलुक छैनन्।

बुँदा नम्बर ४ मा भनिएको छः

अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलन रक्षात्मक अवस्थामा छ र दक्षिणपन्थी अवसरवाद नै समकालीन कम्युनिस्ट आन्दोलनको प्रमुख समस्या हो। भारत, फिलिपिन्स, टर्कीलगायतका देशहरूमा जनयुद्ध अगाडि बढिरहेको छ। विकसित पुँजीवादी देशहरूमा पनि माओवादको सार्वभौमिकता तथा जनयुद्धबारे बहस अगाडि बढ्दै गएको छ र माओवादी पार्टीहरू गठन हुन थालेका छन्। मालेमावादी पार्टीहरूका बीचमा पारस्परिक सम्पर्क तथा छलफल जारी छ। तर अन्तर्राष्ट्रिय सङ्गठनको निर्माणबारे उल्लेखनीय उपलब्धि हासिल भइसकेको छैन।

दक्षिणपन्थी अवसरवाद नै समकालीन कम्युनिस्ट आन्दोलनको प्रमुख समस्या हो भन्ने कुरामा कुनै विवाद छैन, तर यसले थप व्याख्याको माग गर्छ। अवश्य पनि विश्वकम्युनिस्ट आन्दोलनमा 'माओवादको सार्वभौमिकता तथा जनयुद्धबारे बहस अगाडि बढ्दै गएको छ' यो यथार्थ हो। माओवादको सार्वभौमिकताबारे अब क्रान्तिकारीहरूमा भ्रम छैन। पुँजीवादी-साम्राज्यवादी मुलुकमा पनि जनयुद्धको कार्यदिशाका सम्बन्धमा बहस चलेका छन्। अर्धसामन्ती तथा अर्धऔपनिवेशिक मुलुकका सम्बन्धमा विवाद छैन, खास देशको विशिष्टतामा जनयुद्ध लागू गर्ने हुनाले पुँजीवादी र साम्राज्यवादी मुलुकमा पनि यसलाई लागू हुन्छ भन्ने युरोपेली मुलुकका माओवादी पार्टी र शक्तिहरूको धारणा छ। विश्वका माओवादी पार्टीहरूको सन् २०११ को जर्मनीको ह्यामबर्ग सम्मेलनमा पनि पुँजीवादी- साम्राज्यवादी मुलुकमा त्यहाँको विशिष्टतामा जनयुद्धको कार्यदिशा लागू गर्न सकिन्छ र व्यवहारमा जानु पर्छ भनेर साझा धारणा बनेको हो।

पुँजीवादी-साम्राज्यवादी मुलुकहरूमा माओको दीर्घकालीन जनयुद्ध सम्भव हुँदैन भन्ने पनि कतिपयको तर्क नभएको होइन। सन् २०१७ मा मात्र आधिकारिक रूपमा माओवादलाई दस्तावेजीकरण गरेको फिलिपिन्स माओवादी पार्टीले चाहिँ पुँजीवादी-साम्राज्यवादी मुलुकमा माओवादी जनयुद्ध लागू हुने कुराप्रति विमति जनाएको छ। जे हो, आजको युग सर्वहारा क्रान्तिको युग हो र 'माओवाद र जनयुद्धको सार्वभौमिकता' तर्फ यसको दिशा क्रियाशील छ।

ध्यान दिनुपर्ने कुरा के छ भने माओवादी जनयुद्ध भनेको 'जनताको युद्ध जनयुद्ध' मात्र होइन, माओवादी जनयुद्धका केही विशिष्ट पक्ष र मान्यताहरू छन्। साथै माओवादी जनयुद्ध दीर्घकालीन नै हुनुपर्छ भन्ने पनि होइन। माओवादी जनयुद्ध दीर्घकालीन हुने वा अल्पकालीन हुने भन्ने कुरा अन्तर्राष्ट्रिय स्थिति र जनवादी शक्तिको स्थिति, देशीय अन्तर्विरोध र शक्ति सन्तुलनको अवस्था, क्रान्तिकारी शक्तिको आत्मगत अवस्था लगायत विविध पक्षमा भर पर्ने हुनाले माओवादी जनयुद्धको ठाडै विरोध गर्नु अथवा अर्धसामन्ती तथा अर्ध औपनिवेशिक मुलुकमा मात्र लागू हुनसक्छ भन्नु पनि यान्त्रिक बुझाइ हो। यो विद्रोहात्मक चरित्रको पनि होइन र दीर्घकालीन चरित्रको पनि नभएर सापेक्षित अल्पकालीन चरित्रको पनि हुनसक्छ भनेर पनि तर्क गर्ने गरिएको छ। जे होस्, माओवादी आन्दोलनको आधारभूत चरित्र क्रान्तिका तीन जादुगरीमा आधारित जनयुद्ध नै हो र यसलाई खास मुलुकको विशिष्टतामा लागू गर्ने हो।

प्रतिवेदनमा 'मालेमावादी पार्टीहरूका बीचमा पारस्परिक सम्पर्क तथा छलफल जारी छ। तर अन्तर्राष्ट्रिय सङ्गठनको निर्माणबारे उल्लेखनीय उपलब्धि हासिल भइसकेको छैन' भनिएको छ। खास गरेर प्रचण्डहरूको गद्दारी र बभ अभाकियनहरूले 'न्यु सेन्थेसिस' मार्फत अघि सारेको 'उत्तरवादी' विसर्जनवादी प्रवृत्तिका कारण 'रिम' एक हिसाबले अघोषित रूपमा विघटनको स्थितिमा पुग्यो। र 'रिम' सित सम्बद्ध बाँकी रहेका पार्टीहरू र अन्य नयाँ गठित माओवादी पार्टीहरूले सन् २०१० देखि क्रान्तिकारीहरूको नयाँ केन्द्र बनाउनु पर्छ भन्ने अभियान थाले। सन् २०१० देखि मे दिवसको सन्दर्भ पारेर प्रकाशित साझा वक्तव्य र यसको निरन्तरता यसैको उपज हो।

यसमा युरोपेली माओवादीहरूमा जति क्रियाशीलता देखिएको छ, त्यही अनुसारको क्रियाशीलता अन्यत्रबाट हुन सकेको छैन र पछिल्लो समयमा भाकपा (माओवादी) ले पुस्तिका आकारमै आफ्नो धारणा बाहिर ल्याएको छ र त्यो निकै महत्वपूर्ण छ। यसलाई साझा धारणा बनाउनु सही हुन्छ। 'अन्तर्राष्ट्रिय सङ्गठनको निर्माणबारे उल्लेखनीय उपलब्धि हासिल भइसकेको छैन' भनेर नेकपा (क्रान्तिकारी माओवादी) ले भने पनि युरोप तथा विश्वका अन्य माओवादी भाइचारा पार्टी र मोर्चाहरूले चाहिँ हिजो 'कोरिम' मा रहेर नेतृत्व गरेका नेता नेतृत्व तहमा रहेको, दस वर्ष जनयुद्ध लडेका नेताहरू रहेको नेकपा ( क्रान्तिकारी माओवादी) ले नयाँ केन्द्र निर्माणमा अपेक्षित चासो र क्रियाशीलता देखाएन भन्ने गुनासो गर्ने गरेका छन् र यो गुनासोमा केही सत्यता पनि छ। नेपालबाट पुनर्गठित कम्युनिस्ट न्युक्लिअस, नेपाल र नेकपा (क्रान्तिकारी माओवादी) मात्रै नयाँ क्रान्तिकारी केन्द्र निर्माण अभियानमा संलग्न रहेका छन्।

प्रतिवेदनको पाँच नम्बर बुँदामा भनिएको छः 'वर्तमान प्रतिक्रियावादी राज्यसत्ता तथा व्यवस्थाको विकल्प नयाँ जनवादी राज्यसत्ता नै हो र त्यसको स्थापनाका लागि आवश्यक तयारीमा जुट्न आवश्यक छ।' यो सही भनाइ हो। नव-औपनिवेशिक प्रवृत्ति र प्रभुत्वको थिचोमिचो व्यवहारमा भोगिरहेको भए पनि हामी अहिले पनि सारतः अर्धसामन्ती तथा अर्ध-औपनिवेशिक स्थितिमै छौं। अवश्य पनि हिजोभन्दा समय फेरिएको छ, समय त २००७ सालभन्दा २०१७ मा समय फेरिएको थियो, २०३६ पछि समय झन फेरियो, २०४६ पछि झन् फेरियो र फेरिँदै गएको छ। नेपाली समाजमा पुँजीवादका केही थप विशेषता थपिएका भए पनि आधारभूत रूपमा नेपाली समाज अहिले पनि अर्धसामन्ती तथा अध-औपनिवेशिक स्थितिमै छ र यहाँ हुने क्रान्ति नयाँ जनवादी क्रान्ति नै हो।

योभन्दा पर गएर कसैले सोच्छ र बुझ्छ भने या त उसले क्रान्तिका नाममा आम जनता र कार्यकर्तालाई भ्रम दिइरहेको छ, अथवा एकएक बहाना बनाएर प्रतिक्रियावादी सत्ताका सामु आत्मसमर्पण गरेर दलाल पुँजीवादी सत्तालाई नयाँ जनवादी सत्ता ठानेर सत्ता साझेदारीको अंशियार हुने बाटो खोजिरहेको छ भनेर बुझे हुन्छ। नयाँ जनवादी राज्यसत्ता स्थापनाको लागि आवश्यक तयारीमा जुट्ने कुरासित मार्क्सवाद-लेनिनवाद-माओवाद, क्रान्तिका तीन जादुगरी हतियार र सशस्त्र संघर्षको कार्यदिशा जोडिने कुरा पनि प्रस्ट छ।

त्यसैगरी नवौं बुँदा पनि सही बुझाइ हो र यसले व्यावहारिक पहलकदमी र अग्रसरताको माग गर्छ। दशौं बुँदामा मुलुकमा विद्यमान् विभिन्न राजनीतिक शक्तिहरूको चरित्र विश्लेषण गरिएको छ। नेपालमा सोलोडोलो रूपमा दुइटा शक्ति प्रतिक्रियावादी शक्ति र क्रान्तिकारी परिवर्तनकारी शक्ति नै हुन्। प्रतिक्रियावादी शक्तिभित्र पनि विभिन्न शक्तिहरू हुन्छन् र खास शक्तिले यसको प्रतिनिधित्व र नेतृत्व गरिरहेको हुन्छ र क्रान्तिकारी अग्रगामी शक्तिको नेतृत्व क्रान्तिकारी शक्ति, सिद्धान्त र व्यवहारमा मार्क्सवाद-लेनिनवाद-माओवादको पक्षमा दृढताका साथ उभिएको शक्तिले गरिहेको हुन्छ र यसमा उसले अन्य जनपक्षधर, जनवादी अन्य शक्ति उत्पीडित समुदायको भूमिकालाई समेटेर नेतृत्व गरिहेको हुन्छ। पछिल्लो समयमा नेपालमा पार्टी राजनीतिबाट जनतालाई विमुख गराउने पार्टीभन्दा आइएनजिओहरू जनताका पक्षमा आवाज उठाउँछन्, जनताको नजिक छन् भनेर भ्रम दिने प्रयास भइरहेको र गरिरहेका छन्। आइएनजिओ प्रवृत्ति खतरनाक किसिमले नेपाली राजनीतिमा विस्तारित छ र यसले क्रान्तिकारी शक्तिभित्र पनि चलखेल गर्न थालेको स्थिति छ। र यो 'उत्तर-मार्क्सवादी-पहिचानवादी' क्यान्सर प्रवृत्ति नेकपा (क्रान्तिकारी माओवादी)को सांस्कृतिक मोर्चामा पनि विस्तारित हुन थालेको देखिन्छ र यो निकै जटिल समस्या हो। त्यसै गरी बुँदा नम्बर १० को उपबुँदा नम्बर ४ मा भनिएको छः

चौथो, निम्न पुँजीवादी प्रवृत्ति। यो प्रवृत्ति बहुरूप र रंगमा प्रस्तुत हुँदै आएको पाइन्छ। यो प्रवृत्ति कुनै बेला शक्तिपूजावादी बनेर देखा पर्दछ। त्यसले जुन शक्ति र व्यक्ति सत्ता र सरकारमा छ त्यसको पुजा र चाकडी गर्दछ। जब त्यो शक्ति र व्यक्ति सत्ता र सरकारबाट हट्छ र त्यो ठाउँमा अर्को आउँछ त्यो बेला त्यसले पुरानोको सत्तोसराप गर्दै नयाँ शक्ति र व्यक्तिको चाकरी गर्न थाल्दछ। यस प्रकारको प्रवृत्ति स्थितिअनुसार निराशावाद, दुस्साहसवाद, पलायनवाद र आत्मसमर्पणवादमा फस्ने गरेको पाइन्छ।

यस किसिमको शक्ति कुन हो, थप व्याख्या नगरिएको भए पनि यताका वर्षहरूमा माओवादका नाममा एक थरीले देखाएको प्रवृत्तिबाट यसबारे आकलन गर्न सकिन्छ। प्रारम्भिक चरणको बर्खे भेलजस्तो उर्लेको यो प्रवृत्ति अब सबैले देख्ने र बुझ्ने गरी सतहमा आएको छ र मार्क्सवादसित कतै मेल नखाने नाराको अलख जगाउँदै दश ढोका चाहारेर आफ्नो भूमिका र अस्तित्व संकट प्रदर्शन गरिरहेको छ। नेतृत्व पङ्क्ति जेजस्तो भए पनि यस किसिमको प्रवृत्तिको प्रतिनिधित्व गर्नेहरूभित्र पनि इमानदार र क्रान्तिकारी नेता-कार्यकता हुने हुनाले क्रान्तिकारीहरूले यसतर्फ आफ्नो भूमिका क्रियाशील बनाउनु आवश्यक हुन्छ।

क्रमशः आगामी अङ्कमा

# झिलिमिलि कार्नेसनको सुन्दरता

**उपेन्द्र खड्का**

निकै सुन्दर फूल हो कार्नेसन । ढकमक्क फुलेको समयमा कार्नेसन अत्यन्तै मनमोहक देखिन्छ। गार्डेनमा रोपेको कार्नेसन फुलेको समयमा लाग्छ, सुम्सुम्याइरहुँ । हेरिरहुँ ।

बुकी बनाएर कसैलाई उपहार दिन होस् वा गार्डेन तथा घर सजाउन नै किन नहोस् कार्नेसन लोकप्रिय भएको हर्टिकल्चर विशेषज्ञ बताउँछन् ।

विवाहको कार सजाउन त यो फूल अत्यन्तै लोकप्रिय छ। कुनै उत्सवमा गेट सिँगार्न, घडामा राख्न यो  फूलको लोप्रियता कम छैन ।

हर्टिकल्चर विशेषज्ञका अनुसार कार्नेसनका पट भेराइटी, स्ट्याडर्ड कार्नेसन र स्प्रे कार्नेसन गरी मोटामोटी तीन भेराइटी हुन्छन् । फ्लोरिकल्चर एशोशिएसन नेपाल (फ्यान) का महासचिव विश्वमणि पोखेलले भने- 'कार्नेसनलाई विशेष गरी तीन भेराइटीमा विभाजन गरिएको छ ।' पट भेराइटी गमलामा फूलाउने जात हो । यो होचोमा फुल्छ । होचो कार्नेसन गमलामा रोपेर सजाउँदा अत्यन्तै आकर्षक देखिने पोखेल बताउँछन् । यो भेराइटीको फूल हाइब्रिड हो। तर, एक पटक रोपिसकेपछि करिव तीन वर्षसम्म फुलाउन सकिने नर्सरी व्यवसायी बताउँछन् । भक्तपुरका नर्सरी व्यवसायी दीपक खड्का भन्छन्- 'गमलामा होचो कार्नेसन फुल्दा त मनै लोभ्याउँछ नि ।'

स्ट्याण्डर्ड भेराइटीको कार्नेसन भने विशेष गरी बुकी बनाउन तथा फूल सजावटका लागि प्रयोग हुन्छ किनकि यो जातको कार्नेसनको बोट अग्लो हुन्छ, गमलामा रोप्दा ढल्छ ।

हर्टिकल्चर विशेषज्ञका अनुसार स्ट्याण्डर्ड जातको कार्नेसनको एक हाँगामा एक थुँगा मात्रै फूलाउँदा राम्रो देखिन्छ । खड्काले भने- 'थुँगा ठूलो  र आकर्षक देखिन्छ ।'

स्प्रे भेराइटीको कार्नेसन पनि बुकी बनाउन तथा विभिन्न उत्सवमा सजाउँदा आकर्षक देखिन्छ । यसको फूल घर, विभिन्न अफिसमा सजाएको देखिन्छ ।



### टिपेर पनि नओइलाउने फूल

त्यसो त कार्नेसनको थुँगा टिपेर पनि धेरै दिनसम्म राख्न सकिन्छ । हर्टिकल्चर विशेषज्ञका अनुसार कार्नेसन फूल टिपेर पनि तीन हप्तासम्म राख्न सकिन्छ । पोखेलका अनुसार गर्मीको तुलनामा जाडोमा बढी टिक्छ । यो फूल डाँठसहित काटेर  पानीमा राख्दा ओइलाई हाल्दैन ।

नेपालमा यो फूलको राम्रो व्यावसायिक खेती छ। नेपालमा कार्नेसनको राम्रो उत्पादन हुन्छ । महासचिव पोखेलले भने- 'नेपालमा कार्नेसनको उत्पादन बढेको छ ।'

पट भेराइटीको सानो गमलामा फुलेको कार्नेसनको मूल्य करिव एक सय पचहत्तर रूपैयाँ पर्ने नर्सरी व्यवसायी बताउँछन् । त्यसो त यसको बिरुवा पनि पाइन्छ। खड्काले भने- 'एक बोट ठूलो पोलीमा रोपेको कार्नेसनको पचास रूपैयाँ हाराहारी पर्छ ।'

एक थुँगा कार्नेसनको होलसेल मूल्य भने मौसमअनुसार करिव पच्चीस रूपैयाँ पर्छ। विवहाको मौसममा भने यसको माग अत्यधिक हुने गरेको नर्सरी व्यवसायी बताउँछन् ।

फ्यानका अनुसार नेपालमा वर्षेनि अढाई लाखभन्दा बढी कार्नेसनका बिरुवा उत्पादन हुन्छन् । वार्षिक झन्डै दस करोड रूपैयाँको कारोबार हुन्छ ।

फ्यानका अनुसार नेपालमा वर्षेनि झन्डै १५ प्रतिशतका दरले यो फूलको माग बढिरहेको छ ।

### न्यानो वातावरण

त्यसो त यो फूल उत्पादनका लागि न्यानो हावापानी आवश्यक हुने फ्यानका अध्यक्ष कुमार कसजु श्रेष्ठ बताउँछन् । काठमाडौं उपत्यकामा यसको राम्रो उत्पादन हुन्छ। पहाडी भेगमा पनि प्लास्टिकको सेट हाउसमा यो फूल राम्रो फुलाउन सकिन्छ ।

पोखेलले भन- 'कार्नेसन २५ देखि २७ डिग्री सेल्सियसको तापक्रममा राम्रो फूलाउन सकिन्छ ।' यो फूल फुल्न रोपेपछि करिव चार महिना लाग्छ । तर, पट भेराइटीको कार्नेसन भने केही चाँडै फुल्छ। पट भेराइटीको हाइब्रिड कार्नेसन भदौदेखि करिव फागुनसम्म रोप्न सकिने हर्टिकल्चर विशेषज्ञ बताउँछन् । यो फूललाई पानी नजम्ने ठाउँमा रोप्नुपर्ने हुन्छ। पानी जम्ने ठाउँमा रोप्दा मर्छ। यसमा सचेत हुनुपर्ने हर्टिकल्चर विशेषज्ञ सुझाउँछन् ।

यो फूल गमलामा रोप्दा होस् वा जमिनमा नै किन नहोस् माटो हल्का किसिमको र नरम हुनु आवश्यक हुन्छ । त्यसैले यो फूल रोप्नुपूर्व राम्रोसँग माटो खनेर मल फिटेर राख्नुपर्ने हुन्छ। यो फूलको बिरुवा रोप्नुभन्दा अघि कम्पोस्ट मल हाल्न खड्काको सुझाव छ । यसमा पिना, हड्डीको धुलो तथा अन्य कम्पोस्ट मल हाल्न सकिने श्रेष्ठ बताउँछन् ।

### बिरुवा सार्ने र रोप्ने तरिका

हाँगा भाँचेर रोप्दा पनि सर्ने कार्नेसनको नयाँ बिरुवा असोजदेखि फागुनसम्म बनाउन सकिने श्रेष्ठ बताउँछन् । स्वस्थ किसिमका माउ (मदर) बोटबाट नयाँ बिरुवा बनाउन उनको सुझाव छ ।

करिव पाँच जोर पात भएको यसको हाँगो पिन्च गरेर (चुँडेर) बालुवा वा मधुमास (नरिवलको जट्टाको धुलो) मा रोपेर सार्न सकिन्छ। जरा आएपछि आवश्यकताअनुसार जमिन वा गमलामा रोप्न सकिन्छ । रोपिसकेपछि राम्रोसँग पानी हाल्नुपर्छ । रोपिसकेपछि जरालाई असर नपर्ने गरी पानी हाल्न हर्टिकल्चर विशेषज्ञको सुझाव छ । रोपिसकेपछि बेला-बेलामा गोडमेल गर्नुपर्छ । खड्काले भने- 'झार उखेल्नुपर्छ ।'

त्यसो त अग्लो जातको कार्नेसन भाँचिने डर हुने भएकाले बेला-बेलामा बाँधजेल पनि गर्नुपर्छ। ढुसी, डढुवा लाग्ने, कुहिनेजस्ता समस्या भए विषादी प्रयोग गर्नुपर्ने हुन सक्ने श्रेष्ठ बताउँछन् ।

कट फ्लावर भेराइटीको फूल करिव आधा फुल्दै गरेको टिप्नु उचित हुन्छ । यो बिस्तारै फक्रन्छ। करिव १५ इन्चको डाँठसहित टिपिने फूलको डाँठलाई पानीमा डुबाइन्छ, जसले गर्दा धेरै दिनसम्म फूल ओइलाउँदैन । गुच्छा बनाएर रोल गरी कागजमा बेरेर ओसारपसार गर्दा फूल सुरक्षित हुन्छ ।

नेपालमा बाह्रभन्दा बढी रङ्गका कार्नेसन पाइन्छन् । नेपालमा रातो, पिङ्क, पहेंलो, छिर्बिरेलगायत रङ्गका कार्नेसन पाइन्छन्, जसमध्ये रातो, पिङ्क रङ्गका कार्नेसन बढी मन पराइनेमा पर्छन् ।

### इतिहास

यो फूललाई डेन्थसका नामले समेत चिनिन्छ । बोटानिस्टहरूले यो फूलको वैज्ञानिक नाम डेन्सस राखेको पाइन्छ । कार्नेसनको उत्पादन भने करिव दुई हजार वर्षअघि भएको मानिन्छ। यो फूलको उचाई करिव ८० सेन्टिमिटर हुने गरेको पाइन्छ ।



## पनौती नगरपालिकाको अनुरोध !

- वडाबाट प्राप्त गर्ने सेवा-सुविधाका लागि वडागत तहमै सम्पर्क राखौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं ।
- जन्म, मृत्यु, बसाइँ सराइ, सम्बन्ध-विच्छेद र विवाह दर्तासम्बन्धी व्यक्तिगत घटना दर्ताका लागि आ-आफ्नो सम्बन्धित वडामा सम्पर्क राखी समयमै घटना दर्ता गरौं ।
- सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न आवश्यक योग्यता र कागजातबारे सम्बन्धित वडामा सम्पर्क राखी बैंकिङ प्रणालीमार्फत सुविधा लिने गरौं ।
- राष्ट्रिय भवनसंहिताको पूर्ण पालना गरी मापदण्डअनुसार घर निर्माण गरौं ।
- आमा र बच्चा दुवैको सुरक्षाका लागि बर्थिङ सेन्टरमा सुत्केरी गराउने गरौं ।
- सबै किसिमका फोहोरलाई एकै ठाउँमा नथुपारी वर्गीकृत गरौं, कुहिने र नकुहिने फोहोर छुट्याऔं ।
- जैविक (अर्ग्यानिक) फोहोरलाई आफ्नै करेसाबारी वा खेतबारीमा प्रयोग गरौं ।
- प्लास्टिकजन्य फोहोर नबालौं ।
- वडागतरूपमा सडक बत्ती, व्यवस्थापन, उपयोग र संरक्षण गरौं ।
- कुनै पनि व्यवसाय दर्ता गरेर मात्र सञ्चालन गरौं ।
- कुनै पनि नागरिकले बालश्रमको प्रयोग नगरौं ।
- आधुनिक कृषि प्रणाली अपनाई व्यावसायिक कृषक बनौं ।
- उन्नत नश्लका पशुपालन गरी स्वरोजगारी सिर्जना गरौं ।
- धर्म-संस्कृति, सम्पदाको जगेर्ना गरौं, मौलिक पहिचानलाई संरक्षण गरौं ।
- सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।

**पनौती नगरपालिका**

काभ्रेपलाञ्चोक जिल्ला, बागमती प्रदेश, नेपाल


# बडादसैंको पूर्वसन्ध्यामा भद्रकालीमा काव्य उत्सव

**काठमाडौं ।** हरेक वर्षझैं यस पटक पनि बडादसैंको पूर्वसन्ध्यामा त्रिशूली वाङ्मय प्रतिष्ठानले राजधानीस्थित भद्रकालीमा 'शारदीय काव्य उत्सव-२०७८' आयोजना गरेको छ ।

यस वर्ष सो काव्य उत्सव वरिष्ठ कवि विमल निभाको प्रमुख आतिथ्यतामा नुवाकोटेलगायत विभिन्न जिल्लाका स्रष्टाका रचना वाचन तथा प्रस्तुति गराइएको थियो । स्रष्टाले समसामयिकता, राष्ट्रियता, जीवन र मान्छे आदि विषयमा कविता वाचन गरेका थिए ।

उत्सवमा कवि विमल निभा, भूवनहरि सिग्देल, वियोगी बुढाथोकी, भीष्म उप्रेती, श्याम रिमाल, गणेशकुमार मिश्र, महेश कार्की, विष्णुप्रसाद आचार्य, पर्शुराम पराशर, सकुन्तला जोशी, भवानी खतिवडा, देवेन्द्र अर्याल, रिमा केसी, रामकुमार पण्डित, रुविन न्यौपाने, प्रेमराज सिलवाल, भवानीप्रसाद अधिकारीलगायतले आ-आफ्ना रचना प्रस्तुत गरेका थिए ।

सोही अवसरमा जीत अधिकारी, प्रकाश सिलवाल, सन्तोषी अधिकारी, मीना घोरसाइने, जया ओझा, श्याम सङ्कल्प, दिनेश पाण्डे, धर्तीचन्द्र यात्री, राममणि निरौला, शिवप्रसाद आचार्य, सन्तोष सिंखडा र श्यामराज पाठकसहितका स्रष्टाले आफ्ना रचना प्रस्तुत गरेका थिए । प्रतिष्ठानका अध्यक्ष आरएम डङ्गोलले आगामी दिनमा साहित्य, पर्यटन र कलासंस्कीतलाई जोडेर थप काम गरिने बताउँदै निकट भविष्यमा नुवोकोटको चिम्टेश्वर क्षेत्रमा साहित्यिक यात्रा गरिने जानकारी दिए ।

# चाडपर्व र भिडभाडबीच थपिए ८०५ नयाँ संक्रमित

**काठमाडौं ।** पछिल्लो २४ घण्टामा ८०५ जनामा कोरोना भाइरसको संक्रमण देखिएका छन् । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले परीक्षण गरिएका दस हजार ६ सय ७२ जनामध्ये आठसय पाँच जनामा संक्रमण पुष्टि भएको जानकारी दिएको छ ।

नयाँ संक्रमित थपिएसँगै देशभर सक्रिय संक्रमित १५ हजार नौसय ४२ जना भएका छन् । पाँच सयभन्दा बढी संक्रमित भएका जिल्ला आठ र दुईसय भन्दा बढी संक्रमित भएका जिल्ला २० रहेका छन् । पाँच सयभन्दा बढी सङ्क्रमण हुने जिल्ला मोरङ, सुनसरी, झापा, काठमाडौं, ललितपुर, भक्तपुर, कास्की र रूपन्देही रहेका छन् । सङ्क्रमण दर १८.८ प्रतिशत रहेको छ ।

पछिल्लो २४ घण्टामा ९११ जना सङ्क्रमणमुक्त भएका छन् । यससँगै नेपालमा हालसम्म सङ्क्रमणमुक्त हुनेको सङ्ख्या सात लाख ७३ हजार १४० रहेको छ । नेपालमा सङ्क्रमणमुक्त हुने दर ९६.६ प्रतिशत रहेको छ ।

यस्तै सङ्क्रमणबाट पछिल्लो २४ घण्टामा आठ जनाको निधन भएको छ । अहिलेसम्म सङ्क्रमणबाट ११ हजार २०० जनाको निधन भइसकेको छ । हाल देशभर ३२९ जना सघन उपचार कक्ष (आइसियु), ११२ जना भेन्टिलेटर, १४ हजार ७२८ जना होम आइसोलेसन, एक हजार २१४ जना संस्थागत आइसोलेसन र २४२ जना क्वारेन्टिनमा रहेका छन् ।

आज ५७ हजार १५८ जनाले कोरोना भाइरसविरुद्धको खोप लगाएका छन् । अहिलेसम्म ८० लाख आठ हजार ८५४ पहिलो मात्रा र ६४ लाख ३० हजार ४३१ पूर्ण मात्राको खोप लगाइसकेका छन् ।


## काठमाडौं महानगरपालिका

नगर कार्यपालिकाको कार्यालय

### विज्ञापन कर बुझाउने बारेको सार्वजनिक सूचना !

सूचना प्रकाशित मिति : २०७८/६/८

काठमाडौं महानगरपालिकाको विज्ञापन कर निर्देशिका २०६४, विज्ञापन बोर्ड तथा प्रचार सामग्री नियमन गर्ने नीति, २०७० र काठमाडौं महानगरपालिका आर्थिक ऐन, २०७८ को अनुसूची ९ एवम् प्रदेश आर्थिक ऐनबमोजिम काठमाडौं महानगर क्षेत्रभित्र हुने सबै किसिमका विज्ञापन सामग्रीहरू राखेवापत विज्ञापन कर तिर्नु-बुझाउनुपर्ने कानुनी व्यवस्था रहेको सम्बन्धित सबैमा विदितै छ । यसअनुसार काठमाडौं महानगरपालिका क्षेत्रभित्र स्वीकृत मापदण्डभित्र रही अनुमति रहेका व्यावसायिक विज्ञापन तथा प्रचार सामग्रीहरूको नियमानुसारको विज्ञापन कर मिति २०७८ असोज मसान्तभित्र बुझाउनुहुन एवम् अनुमति नलिएर राखेका विज्ञापन बोर्डहरूको अनुमति यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र लिनुहुन सम्बन्धित सबै व्यक्ति, संस्था वा निकायको जानकारीका लागि अनुरोध गरिन्छ ।

तोकिएको समयभित्र विज्ञापन कर नतिर्ने-नबुझाउने, मापदण्ड बाहेकका एवम् अनुमति नलिएर राखिएका विज्ञापन सामग्रीहरू हटाइने तथा हटाउन लाग्ने खर्च समेत सम्बन्धित व्यक्ति, संस्था वा निकायबाट असुलउपर गरिने व्यहोरा समेत सम्बन्धित सबैमा यसै सूचनाद्वारा जानकारी गराइन्छ । यस सम्बन्धमा विस्तृत जानकारीका लागि काठमाडौं महानगरपालिका राजस्व विभाग, बबरमहलमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

**काठमाडौं महानगरपालिका**
**राजस्व विभाग**





# बल्ल टुंगियो...

शीर्ष तहमा एक हिसाबले सहमति जुटे तापनि आफ्नो पार्टीले 'पावर मिनिस्ट्री' नपाएको भन्दै एकीकृत समाजवादीका नेताहरूले प्रारम्भिक सहमतिप्रति असन्तुष्टि जनाए। एकीकृत समाजवादीभित्र पैदा भएको असन्तुष्टीका कारण बिहीबारै मन्त्रिपरिषद् विस्तार गर्ने तयारी असफल भयो।

त्यसपछि बिहीबार चार दलका शीर्ष नेताहरूबीच फेरि छलफल भयो। त्यसपछि भने मन्त्रालय भागवण्डाले अन्तिम रूप लियो। अन्तिम सहमतिअनुसार एकीकृत समाजवादीले स्वास्थ्य तथा जनसंख्यास सहरी विकास संस्कृत, पर्यटन तथा नागरिक उड्डयन र श्रम तथा रोजगार मन्त्रालय पाउने भएको छ। शुक्रबार दिउँसो ११ बजे स्थायी कमिटीको बैठक बसेर मन्त्रीहरूको नाम टुंगो लगाइने जानकारी एकीकृत समाजवादीका उपमहासचिव एवं प्रचार विभाग प्रमुख जगन्नाथ खतिवडाले दिएका छन्।

अब कांग्रेसले रक्षा सञ्चार तथा सूचना प्रविधिस उद्योग, वाणिज्य तथा आपूर्तिस युवा तथा खेलकुद र महिला, बालिका तथा जेष्ठ नागरिक मन्त्रालयको नेतृत्व गर्ने भएको छ। कांग्रेसले यसअघि नै गृह, र कानुन, न्याय तथा संसदीय मामिला र परराष्ट्र मन्त्रालयको नेतृत्व सम्हालिसकेको छ। देउवा सरकार गठन भएसँगै अर्थ र ऊर्जा, जलस्रोत तथा सिँचाई मन्त्रालयको नेतृत्व गर्दै आएको माओवादी केन्द्रले अब भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारणस शिक्षा, विज्ञान तथा प्रविधि र खानेपानी तथा सरसफाई गरी थप तीन मन्त्रालयको नेतृत्व गर्ने भएको छ। माओवादी केन्द्रले पौडेल, श्रेष्ठ र गहतराजलाई मन्त्री एवं यादवलाई राज्यमन्त्री बनाउने निर्णय स्थायी कमिटीको बैठकबाट बुधबार नै गरिसकेको थियो। कसले कुन मन्त्रालय चलाउने भन्नेबारे भने आजै टुंगो लगाइने भएको छ।

जसपाले भौतिक पूर्वाधार तथा यातायातस संघीय मामिला तथा सामान्य प्रशासनस वन तथा वातावरण र कृषि तथा पशुपक्षी गरी चार मन्त्रालयको नेतृत्व गर्ने भएको छ। सत्तारुढ दलहरूले शुक्रबारै मन्त्रीहरूको नाम पठाएलगत्तै मन्त्रिपरिषद् विस्तार गरेर साँझसम्म शपथग्रहण गराइसक्ने प्रधानमन्त्री देउवाको तयारी छ।

गठबन्धनका चार दलबीच समग्र शक्ति बाँडफाँटमा समेत सहमति जुटेको छ। अब जनता समाजवादी पार्टी (जसपा) ले संघीय प्रतिनिधिसभाको उपसभामुख पाउने भएको छ भने नेकपा (एकीकृत समाजवादी) ले बागमती र प्रदेश- १ को मुख्यमन्त्री पाउने भएका छन्।

यसअघि राज्यमन्त्री र संसदीय समितिको सभापति रहँदा समेत राज्यमन्त्री सरहको सुविधा पाइसकेकी श्रेष्ठलाई मन्त्री बनाइएपछि राज्य व्यवस्था तथा सुशासन समितिको सभापति पद भने खाली हुने भएको छ। काभ्रेको मंगलटारमा जन्मिएर हाल कोटेश्वर स्थायी ठेगाना भएकी श्रेष्ठ विसं २०३६ सालमा नेपाल कम्युनिस्ट पार्टीको चौथो महाधिवेशन समूहबाट औपचारिक रूपमा पार्टीगत राजनीति सुरु गरेको र २०३७ सालमा कम्युनिस्ट पार्टीको पूर्णकालीन सदस्यता पाएकी थिइन्।

विसं २०३८ साल तथा २०४२ सालसम्म जेल जीवन भोगेकी उनले राजनीतिक आन्दोलनका क्रममा पटक-पटक भूमिगत जीवन र प्रहरी हिरासतको अनुभव समेत रहेको छ।

स्नातक तहसम्मको अध्ययन गरेकी श्रेष्ठले २०३४ देखि विद्यार्थी राजनीतिमा सक्रिय हुँदै २०३८ मा पद्मकन्या क्याम्पस स्ववियु सभापतिमा निर्वाचित भएकी थिइन् भने २०४० मा नेपाल महिला संघको केन्द्रीय अध्यक्ष बनेकी थिइन्।

विसं २०५५ मा संयुक्त जनमोर्चा नेपालको केन्द्रीय सदस्य, २०५९ मा जनमोर्चाको सचिवालय सदस्य र २०६५ मा माओवादी केन्द्रीय सदस्य भएकी श्रेष्ठ २०७१ मा माओवादी पोलिटब्युरो र २०७२ मा सचिवालय सदस्य बनेकी थिइन् भने यसअघि विसं २०६४ मा स्वास्थ्य तथा जनसंख्या राज्यमन्त्री भएकी थिइन्। २०७४ मा समानुपातिक प्रणालीबाट प्रतिनिधिसभा निर्वाचनबाट सांसद बनेकी श्रेष्ठ २०७५ मा राज्य व्यवस्था तथा सुशासन समिति सभापति भएकी थिइन्। नारायणकाजी श्रेष्ठले नेतृत्व गरेको पूर्व एकताकेन्द्र समूहबाट एकता प्रक्रिया हुँदै माओवादी केन्द्रमा आएकी श्रेष्ठ संघर्षशील नेतृको रूपमा परिचित छिन्।

यतिबेला माओवादी केन्द्रका स्थायी कमिटी सदस्य समेत रहेको विद्यार्थी संगठन अखिल छैठौंबाट राजनीति सुरु गरेका बागलुङ नगरपालिका १२, अमलाचौर स्थायी ठेगाना भएका प्रस्तावित मन्त्री पौडेलले राजनीति शास्त्रमा स्नातकोत्तरसम्मको अध्ययन गरेका छन्। अखिल क्रान्तिकारीमा कोषाध्यक्ष, महासचिव, उपाध्यक्ष हुँदै अध्यक्ष भएर जिम्मेवारी सम्हालेका उनी विसं २०५२ देखि माओवादीमा आबद्ध हुँदै सशस्त्र संघर्षमा सहभागी हुँदै गर्दा २०५७ मा केन्द्रीय सदस्य, २०६२ मा पोलिटब्युरो सदस्य र २०७१ मा माओवादी केन्द्रको स्थायी समिति सदस्य बनेका थिए। यस्तैमा २०६८ मा तत्कालीन प्रधानमन्त्री डा. बाबुराम भट्टराईको प्रमुख राजनीतिक सल्लाहकार बनेका पौडेल पार्टीको अञ्चल र विभिन्न ब्युरो इञ्चार्ज हुँदै २०७५ मा तत्कालीन नेकपाको स्थायी समिति सदस्य बने भने अघिल्लो वर्ष २०७४ मा बागलुङ क्षेत्र नम्बर २ बाट प्रत्यक्षतर्फका सांसद निर्वाचित भएका थिए।

विसं २०४२ देखि २०४४ सम्म धनगढीमा १८ महिना जेल जीवन भोगेका पौडेल दर्जनौं पटक गिरफ्तारीसहित ६ महिना सदरखोरमा समेत थुनिएका थिए। पञ्चायतकालमा तीन वर्ष र जनयुद्धका क्रममा १० वर्ष भूमिगत जीवन बिताएका पौडेललाई तत्तकालीन माओवादीमा बाबुराम पक्षीय नेताका रूपमा हेर्ने गरिन्थ्यो। पछि बाबुराम भट्टराईले नयाँ शक्ति बनाएपछि पार्टी छाडेर त्यसैतर्फ लागेका पौडेल पुनः माओवादीमै फर्किएर बाग्लुङबाट चुनाव जिते पनि मन्त्री बन्ने अवसर भने पाएका थिएनन्।

देउवा सरकारमा मन्त्री प्रस्तावित नेपालगञ्ज उपमहानगरपालिका-१, बाँके स्थायी ठेगाना भएका विसं २०२८ भदौमा रुकुममा जन्मिएका गहतराज विद्यार्थी संगठनबाटै राजनीतिमा आएका र प्रवीणता प्रमाणपत्र तहसम्म अध्ययन गरेका छन्। विसं २०४५ मा अनेरास्ववियु वीरेन्द्र मावि बाँफीकोटको सचिव हुँदै राजनीतिक यात्रा सुरु गरेका गहतराज पछि २०४८ मा अखिल नेपाल युवक संघ रुकुमको जिल्ला समिति सदस्य रहेका र २०५१ देखि माओवादीको राजनीतिमा सक्रिय बनेका थिए।

यस्तै विसं २०५६ मा रुकुमको जनसरकार उपप्रमुख रहेका उनी २०५७ मा क्षेत्रीय ब्युरो प्रमुख तथा रुकुम इञ्चार्ज हुँदै २०५८ मा माओवादीको जुम्ला, मुगु र हुम्ला इन्चार्जको भूमिका रहेका थिए। विसं २०५९ मा बाँके, बर्दिया इञ्चार्ज रहेका हाल मन्त्री प्रस्तावित गहतराज २०६० मा माओवादीको केन्द्रीय सदस्य र २०६५ मा एकीकृत माओवादीको केन्द्रीय सदस्य तथा थारुवानको सेक्रेटरी एवं २०७३ मा माओवादी केन्द्रको केन्द्रीय सचिवालय सदस्य हुँदै २०७५ मा तत्कालीन नेकपाको केन्द्रीय सदस्य बनेका थिए।

नेपाली कांग्रेसका सभापति देउवा नेतृत्वको वर्तमान सररकारमा प्रस्तावितमध्येकी स्थायी ठेगाना धनुषा नगरपालिका-१०, धनुषाकी विसं २०३१ मा जन्मिएकी यादव माओवादी आन्दोलनका सहिद स्व.रामवृक्ष यादवकी छोरी समेत हुन्। नेपाली विषयमा स्नातक तहसम्मको अध्ययन गरेकी यादव २०७४ को प्रतिनिधिसभाको निर्वाचनमा समानुपातिकतर्फकी निर्वाचित सांसद हुन्।

विसं २०४४ मा अखिल छैठौंको जिल्ला समिति सदस्यबाट विद्यार्थी राजनीतिमा आबद्ध भएकी यादव २०५८ मा तत्कालीन नेकपा माओवादी निकट अखिल नेपाल महिला संघको केन्द्रीय सदस्य हुँदै २०६० मा धनुषा जिल्ला समिति सदस्य, २०६७ मा धनुषा जिल्ला सह-सेक्रेटरी र २०६८ मा तत्कालीन एकीकृत नेकपा माओवादीको केन्द्रीय सदस्य एवं २०७० मा एकीकृत माओवादीको पोलिटब्युरो सदस्य भएकी थिइन्।


सहिद परिवार र मधेसी समुदायको कोटाबाट पहिलो पटक मन्त्री प्रस्तावित बोधकुमारीले राजनीतिक आन्दोलनका क्रममा विसं २०६२ चैत देखि २०६३ असार सम्म नजरबन्दको सजाय समेत भोगेकी थिइन्।

चाडपर्वका बेला सवारी साधनमा भिडभाड नगरौं,

मादक पदार्थ सेवन गरी सवारी साधन नचलाऔं।

दुर्घटनाबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय




प्रकाशकः **कोसेली मिडिया सपोर्ट प्रा.लि.** सम्पादक : **सानु राय (गौतम) [९८४९६००२०९]** बजार व्यवस्थापक : **माधवप्रसाद न्यौपाने [९८४६५२८५०२]**
**कार्यालय** : जोरपाटी, काठमाडौं **फोन** : ९८४७३९५३८६ **इमेल** : janajibro@gmail.com **वेबसाइट** : www.janajibro.com **मुद्रण** : शर्मिला प्रिन्टर्स, डल्लु, काठमाडौं